“ पर्यटकीय नगरी ”

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम
१ नं. प्रदेश, नेपाल ।

---

**बुद्ध मूर्तिको पेमा देखि तल्लो भागमा बुट्टा तथा रङ्गरोगन गर्ने सम्वन्धी दररेट पेश गर्ने वारेको सूचना ।**

(प्रथम पटक प्रकाशित मिति २०७८/०५/२३)

यस सूर्योदय नगरपालिका वडा नं. ३ स्थित बुद्धपार्कमा निर्माणाधिन बुद्धमूर्तिको पेमा देखि तलको भाग ( ठी ) मा अमिताव बुद्धको मूर्तीको डिजाइन र गुणस्तरमा बुट्टा **निर्माण गरी निर्धारीत गुणस्तरको रङ्गरोगन गर्नु पर्ने भएकोले** यस नगरपालिकामा उल्लेखित कार्यको दररेट नभएको, अन्य विभिन्न निकायमा बुझ्दा समेत मूर्तिको ( ठी ) मा **बुट्टा निर्माण गरी निर्धारीत गुणस्तरको रङ्गरोगन गर्ने कार्यको** नर्म्स सहितको दररेट उपलब्ध हुन नसकेको हुँदा निर्माण गर्न इच्छुक बुद्ध मूर्तिकार कालिगढहरुको संघ/संस्था र बुद्ध मूर्तिकार कालिगढहरुको लागि दररेट पेश गर्न १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । यो सूचना कार्यालयमा प्रकाशित भएको मितिले १५ दिन (२०७८।०६।०६ गते) भित्र तपशिलमा उल्लेख भए बमोजिमको साइजमा **बुट्टा निर्माण र रङ्गरोगन गर्ने कार्यको** लागी प्रति इकाइको छुट्टाछुट्टै दररेट पेश गर्नु होला । यस सम्वन्धमा थप कुरा बुझ्नु परेमा कार्यालय समयमा निम्न टेलिफोन नम्बरमा सम्पर्क गरी बुझ्न सकिनेछः ९८६२७७०४९९/ ९८६११६०४०२/९८४२६४७२२५

**तपशिलः**

**बुद्ध मूर्तिमा पेमा देखि तलको भाग ( ठी ) को आकार, साइज र फोटो**



१. ( ठी ) को साइजः लम्वाइ- ३८'-०", चौडाइ ३८'-०" उचाई- १९'-०"

**बुद्ध मूर्ति निर्माण गर्ने मूर्तिकार कालिगढहरुको संघ/संस्थाबाट पेश गर्नुपर्ने कागजातहरुः**

(क) संस्था दर्ता प्रमाण पत्र र नवीकरण भएको प्रतिलिपि ।

(ख) नियमानुसार VAT वा PAN मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।

(ग) आ.व.२०७६।०७७ सम्मको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि ।

(घ) अनुभवको प्रमाण पत्रको प्रतिलिपि ।

**बुद्ध मूर्ति निर्माण गर्ने बुद्ध मूर्तिकार, कालिगढ व्यक्तिहरुको हकमा पेश गर्नुपर्ने कागजातहरुः**

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि (ख) स्थायी लेखा नम्बर (पान नं.) को प्रतिलिपि ।

(ग) अनुभवको प्रमाणको प्रतिलिपि ।

प्रमुख प्रशासकीय अधिकृत

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

---